☎ ०३१-५४००५४

## खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याणपुर,सप्तरी**
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
च.न.:

मिति :२०८१/०५/२१

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना।**

यस नगरपालिकाको लागि वेहायका पदमा सेवा करारमा कर्मचारी भर्ना गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८१/०६/०४ गते सम्म) नगरपालिका कार्यालयमा रित पूर्वकको दरखास्त निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. पदको विवरण:

| सि.नं. | विज्ञापन नं. | पद | पदपुर्तिको किसिम | माँग पद संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | नगर प्रहरी सहायक निरीक्षक | खुल्ला | १ (एक) |
| २ | ०२/०८१/०८२ | नगर प्रहरी हवल्दार | खुल्ला | १ (एक) |
| ३ | ०३/०८१/०८२ | नगर प्रहरी जवान | खुल्ला | २ (दुई) |
| ४ | ०४/०८१/०८२ | नगर प्रहरी जवान | महिला | २ (दुई) |
| ५ | ०५/०८१/०८२ | हलुका सवारी चालक | खुला | १ (एक) |

ख. आवश्यक योग्यता:

- नेपाली नागरिक
- उमेर: १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । (महिलाको हकमा ४० वर्ष ननाघेको) अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको।
- न्यूनतम शैक्षिक योग्यता: नगर प्रहरी सहायक निरीक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा प्रमाण पत्र वा सो सरह तह उतिर्ण, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानको हकमा कम्तिमा एस.एल.सी./एस.ई.ई. वा सो सरहको परीक्षा उतीर्ण गरेको । सवारी चालकको हकमा साधारण लेखपढ गर्न सक्ने र सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।
- उचाई, छाती र तौल: विज्ञापन नं. ०१-०४/०८१/०८२ सम्म
  १. पुरुषको हकमा शरीरको उचाई कम्तिमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के.जी. हुनु पर्ने ।
  २. महिलाको हकमा शरीरको उचाई कम्तिमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनु पर्ने ।
  ३. छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको ।
  ४. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
  ५. कुनै पनि राजनितिक दल, संघ- संगठन, गैर-सरकारी संघ संस्थाको सदस्य नरहेको ।
  ६. मानव अधिकार र मानवीय कानूनको उलङ्घनमा सजाय नपाएको ।
  ७. सरकारी सेवाको निमित्त अयोग्य ठहरीने कुनै पनि सेवाबाट कार्वाही नभएको ।
  ८. उम्मेदवारले उपरोक्त क.सं. ६,७,८ र ९ को लागि स्वघोषणा पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।
- सेवा सुविधा: नगरपालिकाले तोके बमोजिम हुनेछ ।
- छनौट प्रकृया: विज्ञापन नं. ०१-०४/०८१/०८२ सम्म शरीरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्ष तथा अन्तरवार्ता र विज्ञापन नं. ०५/०८१/०८२ को हकमा प्रयोगात्मक परीक्ष र अन्तरवार्त ।
- परीक्षा मितिः पछि तोकिने छ ।
- दरखास्त दस्तुर र बुझाउने विधि: विज्ञापन नं. ०१/०८१/०८२ को लागि दरखास्त दस्तुर रु. ५००। (पाँच साय मात्र)-, विज्ञापन नं. ०२/०८१/०८२ को लागि दरखास्त दस्तुर रु. ४००/- (चार सय मात्र), विज्ञापन नं. ०३-०४/०८१/०८२ को लागि दरखस्त दस्तुर रु. ३००।- (तिन सय मत्र) र विज्ञापन नं. ०५/०८१/०८२ को लागि दरखास्त दस्तुर रु. ३००।- (तिन सय मात्र) बुझाउनु पर्नेछ । दरखास्त दस्तुर नगरपालिका कार्यालयको राजश्व शाखामा बुझाई सोको बिल दरखास्त साथ संलग्न गर्नुपर्नेछ ।
- दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु: नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतीलिपी, खडक नगरपालिकामा स्थायी बसोबास गर्दै आइरहेको भए सो प्रमाण खुल्ने कागजातहरुको (बसाईसराई वा बिवाह दर्ता प्रतिलिपी, ३ प्रति पासपोर्ट साइजको फोटो, अनुभव सम्वन्धी कागजातहर भए सोको प्रतिलिपि ।

नोटः पाठ्यक्रम, आवेदन फारम तथा अन्य जानकारी कार्यालयको वेबसाईट www.khadakmungov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि नगरपालिकाको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

....................
पदपुर्ति समिति
खडक नगरपलिका

खडक नगरपालिकाको अभियान, समाजवाद उन्मुख आधार निर्माण
Email ID: khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite: khadakmun.gov.np


अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा विक्री वितरण गर्नु दण्डनीय अपराध हो।


# सरकारको सबै शर्त मान्न टिकटक तयार

काठमाडौं, २० भदौ। शर्तसहित प्रतिबन्ध हटाउने सरकारको निर्णयपछि टिकटकका प्रतिनिधिहरू काठमाडौं आएका छन्।

उनीहरूले बुधबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरकारले राखेका शर्तहरूबारे छलफल गरेका छन्।

टिकटकको सिंगापुरस्थित कार्यालयबाट आएका तीन जना प्रतिनिधिले सरकारले राखेका शर्तहरू पूरा गर्ने प्रतिवद्धता पत्र तुरुन्तै दिन सकिने बताएका मन्त्रालय स्रोतले बताएको छ। स्रोतका अनुसार टिकटकले सरकारले राखेका शर्तबाहेक अन्य विषयमा पनि नेपाल सरकारलाई सघाउन सक्ने बताएका छन्।

सामाजिक सद्भाव खलबल्याएको भन्दै सरकारले २७ कात्तिक २०८० मा टिकटक बन्द गरेको थियो। त्यसको करिब साढे

नौ महिनापछि गत ६ भदौमा सरकारले शर्तसहित टिकटकमाथिको प्रतिबन्ध हटाएको थियो। टिकटक नेपालमा दर्ता हुनुपर्ने, 'प्वाइन्ट अफ कन्ट्याक्ट' अर्थात् सम्पर्क केन्द्र तोक्नुपर्ने, नेपालको पर्यटन प्रवर्द्धन, डिजिटल सुरक्षा, डिजिटल साक्षरता, सार्वजनिक शिक्षाका क्षेत्रमा सहयोग गर्नुपर्ने शर्त सरकारले राखेको थियो।

सञ्चार मन्त्रालयका अधिकारीहरूले बुधबार भएको छलफलमा टिकटकले यी शर्त स्वीकारेको बताए। एक–दुईदिन भित्रै मन्त्रिपरिषदको निर्णयअनुसार टिकटकको प्रतिवद्धतापत्र दर्ता गरेर दूरसञ्चार प्राधिकरणलाई टिकटकको प्रतिबन्ध हटाउन निर्देशन दिने सञ्चार मन्त्रालयको योजना छ।

'मन्त्री र सचिवज्यूसँग टिकटकले सरकारलाई अन्य क्षेत्रमा पनि सघाउने गरी गरेका प्रतिवद्धताबारे छलफल गरेर पत्र बुझ्यौं', मन्त्रालय स्रोतले भन्यो, 'उनीहरू सरकारले राखेका शर्तलाई सहजै स्वीकार्न तयार रहेमा टिकटक खोल्न सकिने अवस्था बनिसकेको छ।' टिकटकले सरकारले राखेका शर्तहरू पूरा गर्ने समय तालिका नै दिने तयारी गरेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले राष्ट्रिय समाचार समितिसँग १६ भदौमा गरेको कुराकानीमा सरकारको शर्तमा टिकटकका प्रतिनिधिहरू सकारात्मक रहेको बताएका थिए।

'आधारभूत र माध्यमिक विद्यालयबाट डिजिटल साक्षर अभियानमा टिकटकले सहयोग गर्ने प्रतिवद्धता जनाएको छ।

त्यस्तै, सामाजिक दुर्भावना फैलाउने खालका 'कन्टेन्ट' भित्र रहेका शब्द, वाक्यहरूको अंग्रेजी, नेपालीसहित नेपालभित्र बोलिने अन्य भाषामा 'फिल्टरेसन' र 'मोडरेसन' गर्नुपर्छ भनेका छौं', उनले भनेका थिए, 'यी सबै सर्तहरू पूरा गर्ने सर्तमा हामीले टिकटक खोल्ने निर्णय गरेका हौं।'

टिकटकलगायत विभिन्न सामाजिक सञ्जाललाई व्यवस्थित गरी सञ्चालन गर्न सकिएमा हजारौं युवाले रोजगारी पाउने र राज्यलाई पनि करोडौं राजस्व प्राप्त हुने उनले बताए। करिब ९ महिनाको टिककटक प्रतिबन्धबाट सरकारले ३ अर्ब रूपैयाँ आय गुमाएको दावी समेत सञ्चारमन्त्री गुरूङको छ।

२७ कात्तिक २०८० मा प्रतिबन्ध लगाएकै बेलादेखि टिकटकले सरकारलाई प्रतिबन्ध फुकुवा गर्न पटक–पटक निवेदन दिएको थियो। चीन सरकारले पनि सरकारमाथि प्रतिबन्ध खोल्न दबाब बढाएको थियो। कांग्रेस–एमालेको गठबन्धन सरकार बनेपछि टिकटकको प्रतिबन्ध हटाउन छलफल सुरु भएको थियो।

मन्त्रिपरिषदले सशर्त प्रतिबन्ध खोल्ने निर्णय गरेपनि टिकटकसँग शर्तहरूबारे छलफल भएर सहमति नभएकाले अहिलेसम्म मन्त्रालयले दूरसञ्चार प्राधिकरणलाई प्रतिबन्ध हटाउन निर्देशन दिएको छैन। मन्त्रालयले पत्र लेखेपछि प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकहरूलाई निर्देशन दिएपछि प्रतिबन्ध हटाउने निर्णय कार्यान्वयनमा जाने छ।


जय शिव ईटा उद्योगको नौलो प्रस्तुती
**मार्का शिवशक्ति**
शम्भुनाथ नरपालिका मोहनपुर, सप्तरी



यहाँ अत्याद्युनिक मेसिन तथा शत प्रतिशत कोइलाबाट उत्पादित मजबुत ईटा सुपथ मूल्यमा उपलब्ध छ। साथै शिव शक्ति धर्मकाटा र जे. सी. वी. पनि भाडामा पाईन्छ।

**प्रो. राजेन्द्र प्रसाद साह**
सञ्चालक : दुर्गानन्द साह, मो.न.९८४२८३९४६९
सञ्चालक : सञ्जय साह, मो.न. ९८१४७१३०११



सरसफाईमा ध्यान देऊ, सावुन पानीले हात
धुनुस र सरुवा रोगबाट बचौं।

**जनहितमा :**
**जनमुखी स्वास्थ्य सहकारी संस्था लिमिटेड**
**खडक नगरपालिका ८, सप्तरी**


**प्रकाशक** : जनमुखी पब्लिकेसन प्रा.लि., **सम्पादक** : ध्रुव कुमार मण्डल, (९८०७७३११८३), **सल्लाहकार** : माला कर्ण (९८४२८५२२८८), **व्यवस्थापक** : सरस्वती चौधरी
**व्यवस्थापन मुख्य कार्यालय** : खडक नपा-८, विसनपुर चौक । **सम्पर्क कार्यालय** : राजविराज-१, बाल मन्दिर रोड **फोन** : ०३१-५२३७२८ Email : kalyanpostdaily@gmail.com **मुद्रक** : प्रज्ञा प्रिन्टिङ्ग प्रेस, राजविराज-४